**मानननीय मुख्यमन्त्री राज कुमार शर्माज्यूको अध्यक्षतामा मिति २०८०/०२/०२ र ०३ गते बसेको स्थानीय तह र प्रदेश सरकार बीच बसेको बृहत् समन्वय बैठकको निर्णयहरू:**

१. स्थानीय र प्रदेश सरकारमा देखापर्ने विवाद समाधानको लागि स्थापित संयन्त्रहरूको क्रियाशीलता बढाउँदै योजना / आयोजना छनौट, कार्यान्वयन, मुल्याङ्कन तथा सेवा प्रवाहमा निष्पक्षता, तटस्थता, पारदर्शिता, जवाफदेहिता र सुशासन कायम गर्ने र प्रदेश तथा स्थानीय सरकारले Think globally, act locally को अवधारणालाई आत्मसात् गरेर नागरिकको नजिकको सरकारको प्रत्याभुति दिलाउन आवश्यक कार्य गर्ने।

२. कर्णाली प्रदेशको मुख्य समस्या गरिवीको अन्त्यको लागि वार्षिक न्युनतम दश हजार रोजगारी सिर्जना गर्न कर्णाली समृद्धि अभियान चलाउने कार्य गर्ने । यस अभियान अन्तर्गत वेरोजगार युवाहरूलाई नवप्रवर्तनमा आधारित उत्पादनमुलक उद्योग तथा व्यवसाय सञ्चालनको लागि रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सीप नक्साङ्कन गरी आवश्यक ज्ञान, सीप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाइ स्वरोजगार वनाउने।

३. कर्णाली प्रदेश सरकार र स्थानीय तहको संयुक्त लगानीमा कर्णाली प्रदेशका जनतालाई न्यून ब्याजदरमा वित्तीय पहुँच पुऱ्याई लगानी प्रवर्द्धन, उत्पादन वृद्धि र रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यले एउटा लघुवित्तीय संस्था स्थापना गर्ने व्यस्था मिलाउने।

४. शिक्षालाई प्रयोगात्मक तथा सीपमूलक बनाउँदै रोजगारीसँग आवद्ध गर्ने सम्वन्धमा तहगत सरकार र निजी क्षेत्रबीच सहकार्य विकास गर्ने तथा वित्तीय सवलता हाँसिल गरी शिक्षामा पर्याप्त लगानी परिचालन गर्ने, शिक्षक दरवन्दी तथा तलव व्यवस्थापन मार्फत गुणस्तरीय शिक्षामा सवैको पहुँच पुऱ्याउनेतर्फ कार्य गर्ने।

५. मुख्यमन्त्री रोजगार कार्यक्रमको प्रभावकारीता वृद्धि गर्न नीतिगत सुधार गर्ने तथा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम लागु गर्नेतर्फ स्थानीय र प्रदेश सरकार क्रियाशील गराउने।

६. कर्णाली प्रदेशको वित्तीय सम्भावनाको पहिचान र उपयोग क्षमता बढाउने तथा सोका लागि समन्वय र सहकार्यका रणनीतिहरू विकास गर्ने।

७. प्रदेश सरकारवाट स्थानीय तहहरूमा हस्तान्तरण हुने अनुदानको उपयोग क्षमता वढाउने र लक्ष्य अनुरुप उत्पादन, रोजगारी सृजना तथा पुंजी निर्माण हुनेगरी परिचालन गर्ने सम्वन्धमा आवश्यक समन्वय र सहकार्य गर्ने।

(राज कुमार शर्मा)
मुख्यमन्त्री

८. प्रशासनिक सङ्घीयता सवलीकरणमा तहगत सरकारको साझेदारी विकास गर्ने, स्थानीय तथा प्रदेश सरकारका लागि आवश्यक कर्मचारी व्यवस्थापन प्रदेश लोक सेवा आयोगबाट यथाशीघ्र हुने व्यवस्था मिलाउन अनुरोध गर्ने।

९. समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको मान्यतालाई साकार पार्न पूर्वाधार विकास, उत्पादन र उद्यमशीलता विकासमा जोड दिने नीति लिई साना योजनाहरूलाई स्थानीय तहमार्फत कार्यान्वयन हुने व्यवस्था मिलाई आयोजना विनियोजन तथा कार्यान्वयनमा तहगत रुपमा दोहोरोपना तथा कमजोर वित्तीय परिचालनको समस्या हुन नदिई वित्तीय सुशासन र साझेदारी कायमका लागि अनुरोध गर्ने।

१०. आयोजना कार्यान्वयनमा प्रभावकारीता ल्याउन स्थानीय सरकार, जिल्ला समन्वय समिति तथा प्रदेश सरकारको तर्फबाट अनुगमन तथा मूल्याङ्कन कार्यलाई योजनावद्ध तथा नतिजामुखी बनाउने तथा ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउने र प्रदेश तथा स्थानीय तहले आयोजना विनियोजनमा पारदर्शिता ल्याई विनियोजन कुशलता तथा खर्च दक्षता वढाउन अनुरोध गर्ने ।

११. समावेशी र दिगो विकासका लागि हाम्रो परिवेशमा तुलनात्मक लाभको रुपमा रहेका कृषि र पशुपालनमा प्रदेश र स्थानीय सरकारले पर्याप्त लगानी र सहकार्य वढाउँदै अर्गानिक, आत्मनिर्भर र हरित कृषि अर्थतन्त्रको विकासमा जोड दिँदै बाँझो जग्गाको उपयोग रणनीति विकास गरी युवा पलायन रोक्ने कार्यक्रम ल्याउन अनुरोध गर्ने ।

१२. स्वास्थ्य संस्था तथा अस्पतालहरूमा दक्ष स्वास्थ्यकर्मीको सुनिश्चितता तथा स्रोत साधनको आवश्यक जोहो गरी गुणस्तरीय स्वास्थ्य सेवामा कर्णालीवासीको सहज र सुलभ पहुँच पुऱ्याउन सरकारी तथा निजी लगानी साझेदारीमा जोड दिने साथै स्वास्थ्य वीमा कार्यक्रमको दायरा फराकिलो र प्रभावकारी बनाउनका लागि अनुरोध गर्ने।

१३. आर्थिक अनुशासन कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउने, वेरुजु न्यूनीकरणमा जोड दिने विषयमा समन्वय र सहकार्यका लागि अनुरोध गर्ने।

१४. स्थानीय तहको न्यायिक समितिको क्षमता विकास र कार्यसम्पादनमा प्रभावकारीता ल्याई मेलमिलाप र मध्यस्थतालाई बलियो बनाउन आवश्यक सहकार्य गर्ने।

१५. कर्णाली प्रदेशको प्राकृतिक स्रोत र सम्भाव्यताको खोजी गरी स्थानीय तह तथा प्रदेश सरकारको वित्त व्यवस्थापनलाई दिगो, धान्न सकिने र भरपर्दो बनाउनेतर्फ आवश्यक अध्ययन अनुसन्धानका लागि अनुरोध गर्ने।

(राज कुमार शर्मा)
मुख्यमन्त्री

CamScanner